'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

अर्हत

२६

वर्ष ५, अंक ३ | बुद्ध सम्वत् २५६१ | ने.सं. ११३८ कछलाथ्व | वि.सं. २०७४ कार्तिक १८ सकिमना पुन्ही



भक्तपुर कमलविनायकस्थित चैत्य

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

अर्हत

त्रैमासिक

वर्ष ५ | अङ्क ३ | पूर्णाङ्क २६ | नेसं ११३८ कछलाथ्व

शक सं. १९३९ | २०७४ कार्तिक १८ | बुद्ध सं. २५६१

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

विज्ञापन संकलक
लक्ष्मीप्रसाद रजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-

सम्पादकीय

अशान्तिबाट मुक्त हुन मानिसहरू विभिन्न तरिकाहरू अपनाउँछन् । कोही यज्ञ गर्छन्, कोही परेवा उडाउँछन् त कोही शान्तिको दीप बाल्छन् । तर त्यसबाट देशमा न शान्ति छाएको छ न त त्यसले शान्तिको आभास नै दिएको छ । वास्तवमा यो अन्धविश्वास हो । यो त धर्मको नाममा शोषण हो । त्यसकारण हामीले यस्ता क्रियाकलापहरू छोड्नुपर्छ, छोड्दै जानुपर्छ ।

महामानव बुद्धको उपदेशअनुसार अशान्तिको कारण छ । त्यो कारण पत्ता लगाई समाधानको बाटोमा लाग्यो भने निश्चय पनि शान्ति स्थापना हुनेछ ।

हाम्रो देशमा अशान्ति हुनुको कारण शोषण हो । देश र जनताको हितको लागि काम गर्नुभन्दा आफ्नो निहित स्वार्थको लागि काम गर्ने शासकहरूको क्रियाकलापबाट नै जनतामा शान्ति हराएको हो भन्ने बौद्ध दर्शन अध्ययन समाज यकिन गर्दछ । त्यसकारण हामीले शासक वर्गहरूलाई भन्नै पर्छ – 'राजनीति आफ्नो लागि होइन देश र जनताको लागि गर्नुपर्दछ ।'

जनतालाई शोषण गर्नु हिंसा हो । सम्पूर्ण शासक वर्गले हृदयदेखि नै हिंसा त्याग्यो भने के देशमा शान्ति स्थापना हुँदैन र ?

अस्तु !

बुद्धवाद

✍भिक्षु अश्वघोष

बुद्धवाद गम्भीर विषय हो । सायद अरु वादभन्दा बुद्धवाद बुझ्न गाऱ्हो होला । बुद्ध धर्म (शिक्षा) वैज्ञानिक तथा व्यवहारिक छ भन्नुमा अत्युक्ति हुँदैन । तर बुद्धधर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुनु हुँदैन । बुद्ध धर्मको यथार्थता बोध गर्न उदार हुनुपर्छ । अनि मात्र बुद्ध धर्म (शिक्षा) बुझ्न सजिलो हुन्छ ।

बुद्धको जन्मभूमि नेपाल हो । अत: सबै नेपालीले चाहे बौद्ध होस् वा अबौद्ध, बुद्धवाद अर्थात् बुद्धको उपदेशको विषयमा ज्ञान प्राप्त गर्न आवश्यक छ भन्नु अन्यथा नहोला । यो कुरा साँच्चै हो कि होइन भनी बुझ्नको लागि युरोप विशेषगरी बेलायत र अमेरिकाको भ्रमण गर्नुपर्छ । यदि कुनै नेपाली बौद्ध वा अबौद्ध अमेरिकामा जानुपऱ्यो भने बुद्धधर्मको सामान्य ज्ञान हुनुपर्छ किनभने त्यहाँ सम्मेलनस्थलमा बुद्धको जन्मभूमि नेपालबाट आएकाहरूसंग बुद्धधर्मको बारेमा प्रश्नहरू सोध्ने गरेको कुरा अमेरिकाबाट फर्किने नेपालीहरूबाट ज्ञात हुन्छ ।

अब म यहाँ बुद्धवादको

विशेषताको बारेमा केही मेरो दृष्टिकोण पेस गर्दछु । निम्न लिखित तथ्यहरू बुद्ध धर्मका विशेषता हुन्-

१) देवब्रह्मादि केही अमानवीय शक्तिको सहायताविना आफ्नै उत्साह र प्रयत्नद्वारा स्वतन्त्र विकास हुनुपर्छ ।

२) अनात्मवाद अर्थात् यो शरीरमा अथवा सदाकालिक स्थायी केही चीज छैन ।

३) अनीश्वरवाद

४) अरहत्वाद (निर्दोष जीवन)

५) जाति र वर्गभेद हीनता,

६) संसारका मुख्य समस्या खाद्य,

७) समान जीविका,

८) युद्धको नाश गरेर शान्तिको स्थापना

९) सारा संसार एउटै परिवारजस्तो हुनपर्छ भन्ने भावना,

१०) बहुजन हिताय बहुजन सुखायको उद्देश्यले काम गर्नु र गराउनु,

११) मानव चिन्ताबाट मानव मात्रको अमूल्य वस्तु सम्झनु ।

उपयुक्त ११ वटा कारण बुद्धवाद (बुद्ध धर्म) को विशेष अंग हुन् । आर्थिक चिन्ताबाट मुक्त हुन उल्लेखनीय मात्र होइनन्, वैज्ञानिक र व्यवहारिक पनि छन् । यहाँ म सातौं अंग अर्थात् समान जीविकामा मात्र अलि स्पष्ट गर्न चाहन्छु । बुद्धवादमा समान जीविकाको अर्थ आम्दानीअनुसार खर्च गरेर जिविका चलाउनु हो ।

बुद्धवादमा एउटा उल्लेखनीय कुरा के छ भने कर्म विपाक र पुनर्जन्मवाद । बुद्धधर्म कर्मविपाक र पुनर्जन्ममा आस्था

राख्दछ । कर्मविपाक त मान्नैपर्छ । खराब कामको नतिजा खराब हुन्छ । राम्रो कामको नतिजा राम्रो हुन्छ । कर्मको माने काम र विपाकको अर्थ कर्मानुसारको फल हो ।

बुद्धधर्ममा पुनर्जन्म गम्भीर विषय हो किनकि बुद्धले कुनै पनि पुनर्जन्म लिने सत्ता मान्दैन । फेरि कसरी पुनर्जन्मको कुरा उठ्यो ? बुद्धकालीन धेरै विद्वानहरूले गौतम बुद्धसंग प्रश्न सोधे कि तपाई आत्मा मान्नुहुन्न तर पुनर्जन्म मान्नुहुन्छ । फेरि पुनर्जन्म लिने के हो ?

गौतम बुद्धले उत्तरमा भन्नुभयो कि यो जन्म लिने सत्ता के हो भनी प्रश्न त यसरी हुनुपर्छ कि जन्म कसरी लिइन्छ ? पुनर्जन्म ठीक नदीजस्तो छ । गंगा र बागमतीलाई सधै एउटै नामले पुकारिन्छ तर त्यसमा बहने पानी क्षण क्षणमा परिवर्तन भइरहन्छ अर्थात् नदीमा बग्ने पानी एउटै हुँदैन । हेर्दा उही पानी जस्तै देखिए पनि वास्तवमा त्यसो हुँदैन । जीवनको प्रवाह पनि यस्तै बगिरहेको एउटा गति हो ।

यस्तै अर्को उदाहरण पनि छ । जस्तो दूधबाट दही बन्द, दहीबाट घीउ, मही आदि बन्दछ । घीउ बनिसकेपछि त्यसलाई दूध दहीको नाम लिइदैन । अघिको अस्तित्व रहँदैन । त्यस्तै जन्म लिइसकेपछि अघिको सम्बन्ध टुट्छ ।

बुद्धले भन्नुभएको छ, मनुष्यले जन्म लिनलाई तीन चीजको आवश्यकता हुन्छ । स्त्री पुरुषको संसर्ग, स्त्री ऋतुमति र गन्धर्व (बीज) को उपस्थिति । यदि स्त्री ऋतुमति भएन भने तथा बीजको उपस्थिति छैन भने गर्भधारण हुँदैन । खराब चरित्रको मानिस असल चरित्रको मानिस बन्नु पनि एक प्रकारको पुनर्जन्म हो भनी बुद्धको मतअनुसार मानिन्छ । यी कुराहरूबाट तपाईंहरूले बुझ्नुभयो होला कि बुद्धवादमा पुनर्जन्मको सिद्धान्त के र कस्तो छ ।

साभार : दीर्घायु हुने उपाय

मञ्जुश्रीया म्ये

✍ गोपीकृष्ण प्रजापति

जनताया लोक धन जुयाबिल छिं
प्रेमया लोक धन जुयाक्यन छिं
जुगांजुगया इतिहास च्वयावन छिं
लोक्या नाथ स्व जुयाक्यन छिं
प्रेमया आस्था जुयाक्यन छिं
भिंगु मभिंगु रोग सेङ बिल छिं
याँय् यल ख्वपदेय् बचेयात छिं
पुखु या ना चायेक बिल छिं
भिं जुइगु ज्या: स्यङ बिल छिं
लोकया नाथ जुया क्यन छिं
यायेज्यूगु मज्यूगु स्यङ बिल छिं
स्वर्गया ठाकुर जुयाक्यन छिं
लोकया दु:ख स्वया: सँदियूसं फ्राल छिं
ख्वपया पूर्वपाखे बासं च्वङ दिल छिं
थाज्या: याङ काप थाङ नंसुया क्यन छिं
नं फिङ ख्वपदेय् चाहयू फ्राल छिं
ख्वपया जुजू यँदियूया आचाजु यल देयूया
ललित ज्यापू चाह्यूफ्राल छिं
वायु देवतां बाँ पुयेको इन्द्रनं बासा लायेक
नारायनं शंष पुयो ख्वपया लक्ष्मी थ्ववं
लसकुस यात छिं ।

✠

बुद्ध : मानवमुक्तिका सर्वश्रेष्ठ मशीहा

✍ नारायणप्रसाद अधिकारी

विषय प्रदेश

नेपाल एउटा सानो देश भए पनि उसले दुईवटा कुरामा सर्वोच्चता हासिल गर्ने सौभाग्य पाएको छ - त्यो हो भौगोलिक सर्वोच्चता र चेतनाको सर्वोच्चता। भौगोलिक सर्वोच्चताको प्रतीक सगरमाथा छ भने चेतनाको सर्वोच्चताको प्रतीक छन् बुद्ध । यी दुईटै कुराले नेपालले विश्वमा प्रशिद्धि पाएको छ, पाइरहेको छ र पाइरहने छ । भौगोलिक उच्चताको नापो वस्तुगत ढंगले मीटरमा फीटमा गर्न सकिन्छ तर चेतनाको नापो त्यसरी लिन सकिन्न । चेतनाको उचाई नाप्न कि साधनाको गहन अनुभूति चाहिन्छ कि चाहिन्छ व्यापक दृष्टि र त्यसलाई व्यक्त गर्ने विचारको प्रखर अभिव्यक्ति । यी दुवै कुरामा बुद्ध बेजोड देखिन्छन् । त्यसैले उनी बन्दैछन् विश्वव्यापी । मानवलाई बुद्धले जुन गरिमा प्रदान गरे र मानव मुक्तिको जुन मार्ग उनले प्रशस्त गरे त्यो अन्यतम छ । बुद्धको त्यही मार्गदर्शनलाई हामी बुद्ध दर्शन भन्छौं जसले अति संक्षिप्त चर्चा गर्नु यस लेखको अभीष्ट हो ।

बुद्ध दर्शनका आधारस्तम्भ-

बुद्धले देखेको वा आत्मसात गरेको जीवनसत्य नै बुद्धको दर्शन हो। दर्शनलाई जीवनशैलीमा परिणत गर्न खोज्दा धर्ममतको जन्म हुन्छ। दर्शनको अर्थ देख्नु हो भने धर्मको अर्थ त्यसलाई धारण गर्नु हो। जुन कुरा धारण गर्नाले जीवनं उन्नत, उन्नततर र उन्नततम बन्दै जान्छ त्यो धर्म हो। शब्दान्तरमा भन्दा जीवनलाई आनन्दमय अति आनन्दमय र परमानन्दमय बनाउँदै लैजाने गुणहरूलाई धर्म भनिन्छ र त्यसको विपरीत जीवनलाई दुखी, झन दुखी र परम दुखी बनाउन सहयोग पुऱ्याउने कुरालाई अधर्म भनिन्छ।

बुद्धका मतमा मानिसले आफ्ना स्मृतिपटलमा धारण गर्नुपर्ने चारवटा कुरा छन् चार वटा सत्य छन् । ती सत्य अकाट्य छन् र सार्वभौम छन् त्यसैले बुद्धले तिनलाई आर्यसत्य भने । तिनै चार आर्य सत्यको बोधबाट बुद्धको दर्शन पनि सुरु हुन्छ र बौद्ध धर्म पनि सुरु हुन्छ । अझ भनौं ती चार आर्य सत्यको बोध नै बौद्ध मार्गको प्रस्थानविन्दु हो । बुद्धको धर्म आस्था र विश्वासमा होइन व्यावहारिक सत्य र अनुभूतिगत यथार्थमा आधारित छ । ईश्वर छ कि छैन, भए कस्तो छ, साकार छ कि निराकार छ, ईश्वर मान्ने कि नमान्ने, विश्वास गर्ने कि नगर्ने इत्यादि कुरामा संसारका धर्मदर्शनहरूमा विवाद हुन सक्छ । अध्यात्मवादी र भौतिकवादीहरूमा मतैक्य नहुन सक्छ । तर संसारमा दुःख छ कि छैन, जीवन दुःखमय छ कि छैन भन्ने कुरामा कसैको विवाद रहँदैन । अध्यात्मवादी होस् कि भौतिकवादी, धार्मिक होस् वा अधार्मिक, जीवनमा दुःख छ भन्ने कुरामा सबै एकमत छन् । यो व्यवहारिक सत्य हो र सबैले अनुभव गरेको तथ्य हो । यही सार्वभौम सत्यलाई समातेर बुद्धको धर्ममार्ग सुरु हुन्छ ।

जीवनजगतमा दुःख छ । यो पहिलो आर्यसत्य हो । तर त्यो दुःख त्यसै आएको होइन । त्यसको कारण छ । त्यो कारणको निर्माता स्वयं मानिस हो । यो दोस्रो आर्य सत्य हो । त्यो कारण अपरिहार्य र अकाट्य छैन । त्यसलाई काट्न सकिन्छ, हटाउन सकिन्छ । दुःखलाई निर्मूल नै पार्न सकिन्छ यो तेस्रो आर्यसत्य हो । दुःख र त्यसका कारक तत्वहरूलाई हटाउने उपायहरू छन् । ती उपाय अपनाएर मानिस सदासदाका लागि दुःखबाट मुक्त हुनसक्छ । यो चौथो आर्यसत्य हो । यिनै चार

आर्यसत्य नै बुद्ध धर्म वा दर्शनका चार खुट्टा हुन्, जसमा बौद्ध धर्ममत अडिएको छ ।

बौद्ध आचारसंहिता

बुद्धको धर्म आचारप्रधान धर्म हो । यसले सदाचरणलाई निकै महत्त्व दिन्छ । सदाचारसँग सम्बन्धित विनय पिटक आदि थुप्रै ग्रन्थहरू बौद्ध वाङ्मयमा भेटिन्छन् तर सबैको बीच चाहीं पञ्चशील नै हो । पाँचवटा शीलहरूको ठीकसँग पालन गर्ने हो भने जीवन दुःखबाट मुक्त हुन्छ । जसरी जीवनमा दुःख छ भन्ने कुरा सत्य हो त्यसै गरी पञ्चशील र अष्टाङ्घ मार्गको पालन गर्नाले दुःखबाट पूर्णतया मुक्त हुन सकिन्छ भन्ने कुरा पनि अनुभवसिद्ध सत्य हो । संसारका कुनै पनि मानिसले यसलाई परीक्षण गरेर अनुभव गर्न सक्छ । यसमा आस्था र विश्वासले भन्दा प्रयोग र परीक्षणले बढ्ता महत्त्व राख्छ । त्यसैले बुद्धको धर्म विज्ञानसम्मत छ । बुद्धले दिएको यही वैज्ञानिक धर्मको पालना गरेर विगतमा कैयौं मानिसहरू दुःखबाट मुक्त भए, वर्तमानमा हुँदैछन् र भविष्यमा पनि हुनेछन् । यो धर्म शाश्वत भएकाले बुद्धले यसलाई सनातन वा सनन्तनो (एस धम्मो सनन्तनो) भन्ने नाम दिएका छन् ।

पञ्चशीलमा पहिलो शील हो - कुनै पनि प्राणीको प्राणमा आघात नपुऱ्याउनु । कसैलाई नमार्नु, नमराउनु, कष्ट नदिनु, बरु सबैप्रति मैत्रीभाव विकसित गर्नु । दोस्रो शील हो - अर्काको वस्तु उसले नदिइकन लोभबस आफूखुसी नलिनु वा चोरी नगर्नु । यसलाई अचौर्य वा अस्तेय पनि भनिन्छ । तेस्रो शील हो विवाहित पति वा पत्नीबाहेक अन्य स्त्री वा पुरुषसँग यौन सम्पर्क नगर्नु । चौथो शील हो - जाँड रक्सी, गाँजा, भाङलगायत कुनै पनि नसिलो पदार्थको सेवन नगर्नु र पाँचौ शील हो- कसैलाई ढाँट्ने वा कसैसँग झुठो बोल्ने मिथ्या व्यवहार नगर्नु । यी पाँच शीलभित्र सम्पूर्ण आचरण नीति समेटिएको छ । समाजका सबै व्यक्तिले यी पञ्चशीलको दृढतापूर्वक पालना गर्ने हो भने सामाजिक विकृति र विसंगतिहरू स्वतः समाप्त भएर जान्छन् । समाज कि एकले अर्कामाथि शक्ति प्रयोग गर्ने, मार्ने मराउने, दुःख दिने आतङ्कित तुल्याउने कुराले अशान्त बनेको छ, कि अतिरिक्त लोभले गर्दा अरुलाई ठग्ने, चोर्ने, शोषण गर्ने र घुस वा कमिसनको खेती गर्ने र कुनै पनि तरिकाले अर्काको सम्पति आफ्नो बनाउने प्रयत्न गर्ने कार्यले गर्दा अशान्त छ । उन्मुक्त र अवैध यौनसम्बन्ध र त्यसबाट उत्पन्न हुने एड्स लगायत अनेकथरी रोग, झैझगडा, शारीरिक अस्वस्थता आदिले गर्दा पनि समाज अशान्त छ र नसिलो पदार्थको निर्वाध सेवनले पनि सामाजिक जीवन अस्तव्यस्त हुन पुगेको छ । अनि असत्य वाणी, असत्य व्यवहार, छलकपट आदिबाट पनि यति विघ्न दुःख र कष्टको भुमरीमा परेको छ ।

बौद्ध समाजशास्त्र

बुद्धले संसारका सम्पूर्ण मानवसमाजलाई दुःखबाट मुक्ति दिलाउन देखाएको बाटो हो अष्टाङ्गमार्ग । आठ अङ्ग भएको यो जीवनमार्गका सच्चा यात्रीहरूलाई न त यस जीवनमा दुखी हुनुपर्छ न भावि जीवनमा । धम्मपद लगायत बुद्धका तमाम उपदेशहरूमा यस कुराको ठोकुवा गरिएको छ । चार आर्यसत्य र पञ्चशील लगायतका सम्पूर्ण बौद्ध साहित्य र साधना पद्दतिहरू बुद्धका यिनै अष्टाङ्गमार्गमा समेटिएका छन् ती आठ मार्ग हुन् -

१. सम्यक दृष्टि- जुन वस्तु जस्तो छ वा जे हो त्यसलाई त्यही रुपमा जान्ने वा बुझ्ने यथार्थ दृष्टि नै सम्यक दृष्टि हो । यो संसार दुःखमय कारगार जस्तो छ र मानिस अँध्यारो कोठामा बस्ने कैदी जस्तो छ तर उसँग एउटा मन छ जस्को सदुपयोग गरेर ऊ कारागारमुक्त, बन्धनमुक्त हुन सक्छ भन्ने ठम्याउनु नै सम्यक दृष्टि हो । सम्यक दृष्टिको उद्देश्य दुःखलाई चिन्न नसक्ने अविद्याको विनास र मिथ्या दृष्टि, मिथ्या धारणा तथा मिथ्या विश्वासबाट मुक्त हुनु हो । (अम्बेडकर-८९)

२. सम्यक संकल्प - मानिसका इच्छा आकांक्षाहरूलाई उच्चतर र प्रशंसायोग्य बनाउनु (ऐ.८९) सधैं पवित्र चिन्तन गर्नु, गर्न नहुने कार्य कहिल्यै नगर्नु र काम क्रोध ईर्ष्या तथा दुष्कर्महरूबाट मुक्त हुने निश्चय वा प्रतिज्ञा गर्नु नै सम्यक सङ्कल्प हो ।

३. सम्यक वाणी (वचन) - विचारहरूलाई झैं आफ्ना वाणी वा शब्दलाई पनि शुद्ध राख्नु, साँचो बोल्नु, असत्य

र अर्थहीन कुरा नबोल्नु, कसैको कुरा नकाट्नु, कठोर, दुराग्रहपूर्ण, उत्तेजक र पक्षपातपूर्ण वचन नबोल्ने प्रतिज्ञा गर्नु तथा शीतल शान्त र सयमित वाणी मात्र बोल्ने सङ्कल्प गर्नु नै सम्यक वाणी हो । सम्यक वाणीको मापदण्ड कुनै ठूला मानिसको आदेश नभएर बुद्धिसंगत, तर्कपूर्ण, सार्थक, कल्याणकारी र शिष्ट वचन हो ।

४. सम्यक कर्मान्त - अरुको भावना र अधिकारको कदर गर्दै गरिने योग्य व्यवहार सम्यक कर्म हो । यसमा - हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, मादक पदार्थ सेवन नगर्ने, तास जुवा नखेल्ने र सबै प्राणीमा मैत्रीभाव राख्ने, कल्याणकारी कार्यहरूमात्र गर्ने आदि पञ्चशील अन्तर्गतका सबै कर्महरू पर्छन् ।

५. सम्यक आजीव - सही र राम्रो काम गरेर जीविका चलाउनु । कसैलाई धोका नदिइ, कसैको शोषण नगरी, अरुलाई अन्याय र हानी नपुऱ्याई न्यायसङ्गत, सदाचारपूर्ण साधारण जीवन व्यतित गर्नु सम्यक आजीव हो । वेश्यावृत्ति, मद्यमासको व्यापार सिकारी पेशा, चर्को व्याजको लेनदेन, चिप्ला कुरा गरेर अरुलाई भ्रमित पार्ने कार्य सम्यक आजीविकामा पर्दैनन् ।

६. सम्यक व्यायाम - मानसिक दोषहरूलाई पराजित गर्नु, दुर्गुणबाट बचेर सद्‌गुणहरू ग्रहण गर्नु नै सम्यक व्यायाम हो । (भिक्षु सद्धातिस्स-बुद्ध जीवन र दर्शन) अष्टाङ्ग मार्ग विरोधी चित्तवृत्ति उठ्न नदिनु उठेको भए दबाउनु अनि अष्टाङ्ग मार्गमा सहयोगी हुने चित्तवृत्ति उत्पन्न गर्नु, उत्पन्न भएको भए तिनको वृद्धि-विस्तार गर्नुलाई सम्यक व्यायामको उद्देश्य मानिएको छ । (ऐ. ९०) सम्यक व्यायामभित्र दश पारमिताहरू पनि पर्दछन् जसमा दान, शील, नैष्कर्म्य, प्रज्ञा, विर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री, उपेक्षा पर्दछन् ।

७ सम्यक स्मृति - जन्म, जरा, मृत्युलाई सधैं सम्झीरहनु र आध्यात्मिक उन्नतिका लागि निरन्तर जागरुक एवं सतर्क हुनु नै सम्यक स्मृति हो । शरीरका संवेदनाहरूलाई, मनका अनुभूतिहरूलाई, मस्तिष्कका विचारहरूलाई सजग भएर हेरिरहनु सम्यक स्मृति हो ।

८. सम्यक समाधि- चित्तको एकाग्रतालाई समाधि भनिएको छ । जब त्यो एकाग्रता अशुभ कर्मबाट हटेर पूर्णतः शुभ कर्मसँग जोडिन्छ, सम्यक समाधि हुन्छ । सम्यक समाधिले मनलाई कशुल कर्म मात्र गर्न र कुशल चिन्तनमा मात्र लाग्ने शक्ति प्रदान गर्छ । (ऐ.९१) तर्क, विचार, शान्ति र एकाग्रताको आश्रय, सबै प्राणी र सबै वस्तु अनित्य हुन् भन्ने बोध, कामुकता, संसय, आलस्य, चिन्ताबाट मुक्ति र मानसिक समताको प्राप्ति नै वास्तवमा सम्यक समाधि हो ।

उपर्युक्त अष्टाङ्गिक मार्गको राम्ररी पालना गरियो भने दुःखबाट छुट्कारा पाइन्छ भन्ने विश्वास नै बुद्धमत हो । यसैलाई दृष्टिगत गरी अनेक नैतिक नियमहरूको व्यवस्था गरिएको पाइन्छ बौद्ध धर्मदर्शनमा ।

बौद्धमतमा मानिसको स्थान

संसारका धर्मदर्शनको इतिहासमा बुद्ध मात्रै एउटा यस्ता व्यक्ति हुन् जसले ईश्वर परमेश्वर वा आत्मा परममात्माको अस्तित्व स्वीकार गरेनन् र अरु धर्मले ईश्वर परमेश्वरलाई जुन ठाउँमा राखेका छन् त्यही उच्च ठाउँमा बुद्धले स्वयं मानिसलाई राखिदिएका छन् । इतिहासमा पहिलो पटक बुद्धले मानिसलाई यति ठूलो गरिमा प्रदान गरे । मानिसले मान्नुपर्ने र जान्नुपर्ने अरु कोही नभएर स्वयं आफै हो भन्ने मान्यता बुद्धले स्थापित गरे । धम्मपदको अत्तवग्गोका १९ वटा गाथामा बुद्धले यही अत्त आफू सम्बन्धी अवधारणा प्रस्तुत गरेको पाइन्छ ।

संसारमा मानिसको सबैभन्दा प्यारो वस्तु भनेको स्वयं आफू हो । त्यसैले आफ्ना लागि मानिसले सम्पूर्ण कुरा दाउमा लगाउन तम्सिन्छ । संकटका बेलामा मानिस पहिले आफू बच्न खोज्छ त्यसपछि मात्र अरुलाई बचाउने चेष्टा गर्छ । बाँच र बाँच देऊ को नारामा पनि यही आशय लुकेको देखिन्छ । यस्तै तमाम कुराहरूबाट थाहा हुन्छ - मानिसले सबैभन्दा बढी माया आफैलाई गर्छ । तर बुद्धका दृष्टिमा मानिसले स्वयंलाई जसरी माया गर्नुपर्ने हो गरिरहेको छैन । किनभने माया गर्नु भनेको उसको रक्षा गर्नु, भलाई वा कल्याण गर्नु हो तर गहिरिएर हेर्दा मानिसले आफूलाई प्रेम गर्ने नाममा आफ्नो हित हुने र आफ्नो सुरक्षा हुने

काम गरिरहेको देखिन्न । (महामानव बुद्धले पूर्वजन्म र पुनरजन्मप्रति विस्वास गर्दैन -सं) ***अधिकांश मानिसहरू त्यस्तै कर्म गरिरहेका हुन्छन् जसले गर्दा ऊ यस जन्ममा पनि र आगामी जन्ममा पनि सुखी हुन सक्दैन ।*** मानिसले सुख पाउने आशामा भ्रमवश दु:खको बीउ रोपिरहेको मात्र देखिन्छ । त्यसैले बुद्ध भन्छन् - यदि तिमी आफूलाई माया गर्छौ भने आफूलाई सुरक्षित राख्ने काम गर । पण्डित वा ज्ञानवान् बनेर तीन याममध्ये एक याम जागा रहू ।

मानिसलाई कम्तीमा पनि यति ज्ञान हुनुपर्छ कि अरुलाई दु:ख दिनु भनेको आफ्नै लागि दु:खको बीउ रोप्नु हो, अरुप्रति हिंस्रक बन्नु भनेको आफ्नै मृत्यु निम्त्याउनु हो र अरुको अस्तित्वमाथि आघात पुऱ्याउनु भनेको आफ्नै सुरक्षाको बार भत्काउनु हो । यस कुरामा मानिस जागृत हुनैपर्छ तीनयाममा एक याम । यो यामलाई बौद्ध विद्वान बुद्धघोषले जीवनकै तीन याम युवावस्था, प्रौढावस्था र बृद्धावस्था मध्ये एक याम भन्ने अर्थ गरेका छन् भने कन्छदीलालले दिनका तीन याम अर्थात् बिहान दिउँसो र बेलुका वा रातका तीन याम प्रारम्भ मध्य र अन्त्य भन्ने गरेको पाइन्छ । अनि जागा रहनुको तात्पर्य ध्यानपूर्ण वा होशपूर्ण हुनु भन्ने आशय बुझिन्छ । सारमा भन्दा आफूलाई प्रेम गर्ने पण्डित वा ज्ञानी मानिसले दुष्कर्मबाट आफूलाई बचाउनुपर्छ र तीन याममध्ये कम्तीमा एक याम ध्यानपूर्ण हुनुपर्छ । बुद्धले एक यामका एक प्रहर ध्यानपूर्ण वा होशपूर्ण हुने कुरा गरे तर महावीरले केवल अड्चालीस मिनेट मात्र पनि यदि मानिसको चित्त स्थिर रहन्छ वा होशमा हुन्छ भने उसको मोक्षमार्ग सुरक्षित हुन्छ भने ।

बुद्धले उधारो ज्ञान र उधारो उपदेशलाई कुनै ठाउँ दिएका छैनन् । उपदेश त्यसले मात्र देओस् जसले उपदेशलाई आफ्नो जीवनमा उतारेको होस् । पहिले आफूले गर अनि मात्र अरुलाई भन । आफै उपदिष्ट नभई अरुलाई उपदेश दिन खोज्ने मानिस क्लेशमा पर्छ । प्राय: मानिसहरू अरुलाई अर्ती उपदेश सल्लाह सुझाव दिन अघि सर्छन् तर आफ्नै जीवनमा ती उपदेशको कति पालना भएको छ त्यसको हेक्का राख्दैनन् । त्यसैले दुनियामा सल्लाह वा उपदेश सबभन्दा सस्तो हुन पुगेको छ । भनिन्छ सबैभन्दा बढी दिइने तर सबैभन्दा कम लिइने वस्तु नै उपदेश वा सल्लाह हो । यो मानवीय कमजोरी देखेर बुद्धले भने, पहिले आफैले गरेर देखाऊ अनि मात्र उपदेश गर । यसो गर्ने मानिस नै पण्डित हो र त्यसले दु:ख पाउन्न । बुद्ध स्वयंले पनि आफ्ना उपदेशहरूलाई प्रयोगात्मक रुपमै प्रस्तुत गरेको पाइन्छ । अट्ठकथाहरू यसका साक्षी हुन् ।

बुद्ध भन्छन् - अरुलाई अनुशासित पार्न खोज्नेले पहिले आफै अनुशासित हुनुपर्छ, पहिले आफ्ना इन्द्रियहरूमाथि दमन गरेर मात्र अरुमाथि दमन गर्नुपर्छ, किनकी आफूलाई दमन गर्नु सबभन्दा कठिन कुरा हो । अरुबाट जस्तो व्यवहारको अपेक्षा राखिन्छ त्यस्तै व्यवहार आफूले अरुप्रति पनि गर्नुपर्छ भन्ने यस कथनको पहिलो पक्ष हो । यसले मानिसलाई आफ्नो बानी व्यवहार सुधार्न प्रेरित गर्छ । अरुबाट सम्मान, आदर, प्रेम, सहयोग, चाहनेले अरुलाई पनि आदरसम्मान प्रेम, सहयोग गर्नुपऱ्यो । जस्तो कर्म गरियो त्यस्तै फल पाइन्छ र जे रोपियो त्यही फल्छ भन्ने यसको सामान्य सिद्धान्त हो । रह्यो दमनको कुरा । दमन शब्दको वर्तमान अर्थ हो दबाउनु । फ्रायडले अङ्ग्रेजीमा जुन रिप्रेशन वा सप्रेशनको प्रयोग गरे त्यसैको अनुवाद अहिलेको भाषामा दमन हो । तर प्राचीन धर्मग्रन्थ तथा बुद्धका समयमा दम वा दमनको अर्थ दबाउनु नभएर सयमित गर्नु वा शान्त पार्नु भन्ने रहेको पाइन्छ । महावीर तथा पतञ्जलीले पनि दमनको यही अर्थ लिएका छन् । कुनै व्यक्ति वा वृत्तिलाई जबर्जस्ती दबाउनु वा अँठ्याउनु छुट्टै कुरा हो र विवेकपूर्वक शान्त पार्नु वा नियन्त्रण गर्नु छुट्टै कुरा हो । पहिलोमा बलको प्रयोग हुन्छ भने दोस्रोमा समझदारीको प्रयोग हुन्छ । बुद्धको पक्ष समझ वा बोधको पक्ष हो । इन्द्रियहरूको वृत्ति, विकास तथा उत्तेजनालाई जबर्जस्ती देखाउन खोजियो भने त्यसले विकराल परिणाम निम्त्याउन सक्छ र यदि त्यसलाई होशपूर्वक तटस्थ भावले निरीक्षण गरियो भने त्यस्ता वृत्तिहरू स्वत: शान्त हुन्छन् । उठिरहेको क्रोध, जागीरहेको काम वा अन्य वृत्तिहरूलाई यदि साक्षी भाव

र अन्तर्दृष्टिले हेरिरहने हो भने तिनका उत्तेजनाहरू स्वत: शान्त हुनथाल्छन्। यही उपायलाई बुद्धले यहाँ दमन भनेको बुझिन्छ। यस प्रकार जसले आफ्ना इन्द्रियहरूमाथि नियन्त्रण गर्छ त्यसले मात्र अरुलाई सही अर्थमा दमन वा नियन्त्रण गर्न सक्छ। यो कार्य निश्चय नै कठिन छ त्यसैले यस्तो कार्य गर्नेलाई वीर मात्र होइन महावीर, जीन, शास्ता आदि उपाधिले विभूषित गर्ने गरिएको पाइन्छ।

यसप्रकार जसले आफ्नै दमन गरेको छ वा आफूमाथि पूर्ण नियन्त्रण कायम गरेको छ त्यसले लोकको स्वामित्व पनि पाउँछ र लोकोत्तर स्वामित्व वा निर्वाण पनि प्राप्त गर्छ। व्यक्तिलाई मुक्ति वा निर्वाणमा पुऱ्याउने कार्य अरु कसैको नभएर व्यक्ति स्वयंको हो। त्यसैले बुद्धले मानिसलाई "तिम्रो स्वामी तिमी आफै हो अरु कोही तिम्रो स्वामी बन्न सक्दैन" 'अत्ता हि अत्तनो नाथो को हि नाथो परो सिया' भनिदिए। बुद्धले मानव जातिलाई ईश्वर परमेश्वर वा कसैको पनि दास वा सेवक, शासित वा शोषित हुने अवधारणाबाट मुक्ति दिए। परम स्वतन्त्रता प्रदान गरे तर त्यो त्यो स्वतन्त्रता निरङ्कुश स्वच्छन्दता भने होइन। यसरी हेर्दा बुद्धलाई मानवीय मुक्तिका सर्वश्रेष्ठ मशीहा भन्नुपर्ने देखिन्छ।

पृथ्वीनारायण क्याम्पस, पोखरा

थक्वाः देयया कवि भाजु शिवप्रसाद श्रेष्ठया निपू कविता

द्य वं धाल:-१

छन्हू जिला कल्पना -जक याना च्वना
च्वंच्वं जिंला धात्थें- द्य:हे नाप लाना ।- १
छुयाय् छुयाय् जुल जित:- अले भागी यायेत: सना
तीजक दना वना- व द्य: भागी याना ।- २
द्य: साब बाँला खनी- छैं गन धका: नेना
न्हिला: न्हिला: द्य:वं धाल- नेपा: लय् हे च्वना ।-३
द्य: धयाम्ह हिसी दु खनी- ख्वा: हे मुसु मुसु का:
जिनं नेवा:ख: धका: द्य:वं - नेवा: भासं धा: ।-४
भ्रीगु नेपा: छुयाय् तेना धका:-व द्य: याके नेना
न्हिला: न्हिला: द्य:नं धाल- बाँहि लाके तेना ।-५
द्य:या मिखा बाला बाला- न्हाय्नं छाईसे च्वं
नेपा: देय्या छ्यौं सधां- धस्वाइ धाल वं ।-६
द्य: या बचं सत्य ज्वीमा- धका: धया: च्वना
भ्रीगु नेपा: सधां सधां -म्वाये्मा धका फ्वना ।-७
फक्व पौरख याना न- धन्दा काये म्वाल
नेपाल सधां म्वाना च्वनी ! द्य:या म्हुतूं धाल ।

जित: स्वर्गय् येने मते-२

प्रभू जि सीधुंका: जित स्वर्गय् छ्ता येने मत्ये न्हेंला ।
म्हाँ प्रभू च्वनेमखु न्हैं- स्वर्गय् अन जिला ।
स्वर्गय् नं व नेतात वयेफु म्हाँ जिला- व नेता तयगु न्ह्योने
नर्कय् जु सां ज्यू जित: बरु याउँक- जि अनहे च्वने ।-२
स्वये धुन गाक्क थन - नेता तय्गु चाला ।
ख्वा:हे स्वयेमखु नेता तय्गु -जि सी धुंका ला ।-३
देश भक्ति भावना दुपिं नेतात -ग्व छम्ह
ध्येबाया पावरं स्वर्गय्नं वयेफु - न्हें इपिं अन ।-४
थ्व नेता तय्गु कच कच- गुलिजक नेनेगु ?
थ:गु देय्या भूमी नदीत बिया: कत प्वसे याइगु ।-५
भ्रीगु नेपा: देय् यात: नेता तय्सं - सिक्किम थें याईन !
नदी दक्व मिया:छोया: देय् बाँभो तईन ।-६
नापनापं स्वतन्त्र जुगू देय् - चीन, भारत गन थ्येन ?
जल स्रोतया धनी नेपालय् ल:हे त्वने मखन !

नागार्जुने आश्रम

"छेरिं नोर्बु गुरु" धैम्ह छम्ह निङमा लामा, जटाधारी, तपस्वी, अध्यात्म ज्ञानी खः । वस्पोल लद्धाक्खयाम्ह राजपुत जुया नं मचांनसें खाम धैगु सँदेशे बिज्याना, शाक्यश्री लामाजुया गुम्बाय् च्वना ध्यान समाधि सयेका बिज्याना च्वंम्ह खः । गनं "नागार्जुने च्वनेत जुजुयाके अनुमति फ्वनेमाः" धका सिपाहिपिसं धाल । तसर्थ वस्पोल लामागुरुं जितः थथे धयाबिज्यात - "जुजुयागु अनुमति माः धाल, जि नं त्रिपुरेश्वरे च्वंम्ह सें दिट्ठाया थाय् वना धया, वेकः नं जुजुयाके बिन्ति यानाः अनुमति कयाबिल । छ नं अनहे वनाः छकः धाहुं ।"

जि वना त्रिपुरेश्वरे च्वंम्ह सें दिट्ठायात धया । दिट्ठां धाल- "ज्यू छको जिं जुजुयात बिन्ति याना बिये" धका धाल ।

च्यान्हु भिन्हु ति लिपा हानं छको सें दिट्ठायाथाय् वनाः न्यना- "गथे जुल धका ।" सें दिट्ठां धाल- "जुजुं "ज्यू" धका मकरध्वज कर्णेल साहेवयात परमांगी हुकुम जूगु दु कर्णेल साहेव याथाय् छको हुँ । कन्हे खुन्हु जि मकरध्वज कर्णेलयाथाय् वना नाप मलाः "जुजुया सलामे वन" धका धाल । अनं प्याहां वयाः ले लँ स्वया च्वन । भति लंका मनूत हुरुरुरुं मुंकाः सल गयाः भाल, जिं सलाम याना ल्यू ल्यू छें वना । कर्णेलया छें चाकरी वयाच्वंपिं पण्डित ब्राम्हणपिं बैठके जायेक च्वनाच्वंगु दु । कर्णेल थःगु लासाय् फेतुत । अनं मौनी बाबाजी छम्ह नं वयाच्वंगु दु ।

१९८१ सालं हरिद्वारं वोम्ह नमवाम्ह बाबाजी छम्ह वया जुजु चन्द्रसम्सेरयात छाय् सोया खुशि याःगुलिं जुजुं वैत -"छु फोनेगु इच्छा दु" धका न्यन ।

बाबाजिं धाल- "थ्व राजधानी दक्व मचातेत भ्वय् नक्ये" धका धाल । जुजं "वं धाथे यानाब्यु ।" धका हुकुम बिल ।

कान्तिपुर शहर भित्रे दक्व मचात सःतातिनि ख्यले जायक तया भ्वे नकल । वहे मौनी नं मृगचर्म न्यना खडाउ न्ह्याका तारा तारा शब्द वेक थाहां बिज्यात, अन कर्णेल सहितं सकल पण्डितपिसं दनाः स्वागत यात । मौनी बाबा कर्णेलया नापं फेतु बिज्यात । जि छम्ह जक दना स्वागत नं याय् मसः, सुम्क झ्याले फ्येतुना च्वना । मौनी बाबां सिलोते च्वया जिगु विषयले न्यना बिज्यात- "हुँ झ्याले फ्येतुना च्वंम्ह छम्ह सु ?" कर्णेलं "वस्पोल नं छल्पोल थें हे महात्मा खः । थन नागार्जुने च्वनेत जुजुयाके अनुमति काःवःम्ह । अन व वयाच्वंपिं पण्डित ब्राम्हणपिसं धाल-

थ्व मनू गनया महात्मा खः । थ्वजा थःगु धर्म तोता वम्ह महात्मा ज्वीला ? जिपाखे स्वया धाल- "छं थःगु धर्म त्वःता पर धर्म ग्रहण यानागु छाय् ? छं पर धर्म ग्रहण याय् मज्यू । छंगु लाहि क्वें हे शिव मार्गी खः, छ बौद्ध जाति मखु, छं शिव धर्म हे स्वीकार यायेमा" धका धाल ।

जिं धया- "जिं स्व-धर्म त्वःता पर धर्म ग्रहण यानागु मदु ।" अमिसं धाल-छाय् मया छं शिव धर्म त्वःता बुद्ध धर्म ग्रहण यानागु मखुला ? जिं धया-'संसारे धर्म छगू हे जक खः सिवाय् निगू स्वंगू मदु । नाना किसिमं धर्मया कल्पना यापिं छल्पोलपिं हे जक खः, जिं स्वयां जा धर्म धैगु छगू जक खः, निगू खःसा व थुगु कथं खेमाः कि छगू कुशल धर्म मेगु अकुशल धर्म ।

अकुशलयात त्याग याना कुशल धर्म आचरण यायुगु हे धार्मिकया कर्तव्य खः ।"

अमिसं धाल-"कदापि छगू हे ज्वीमखु शैव, शैव हे, बौद्ध बौद्ध हे, व निगुलिं छगू गबलें हे ज्वीमखु ।"

जिं धया- "बाजे आपाः झ्येल ख्येल याना खँ ल्हाना बिज्याय्मते, स्वधर्म धैगु हे थः शुद्धि ज्वीगु धर्म खः, थः शुद्धि मज्वीगु धर्मयात धर्म धाइमखु । धर्माचरण यायेगु हे थः शुद्धि ज्वीकेगुया निंतिं । थः शुद्धि जूसा हे तिनि शान्ति पद प्राप्त ज्वी, शान्ति पद प्राप्त यायेगु धर्म छगू हे जक खः सिबाय् निगू मदू । नाना प्रकारं धर्मया नां तःपिं सम्प्रदायक खः, परमार्थीपिसं जा छगू हे जक धाइ ।"

अमिसं धाल- "आम खँ गबलें हे ज्वीमखु शैब व बौद्ध छगू हे कदापि ज्वीमखु, छ शैब जात खः, बौद्ध धर्मे वने मज्यू, छ शैब हे ज्वीमाः ।"

जिं धया- "बाज्ये जबरजस्तिगु खँ ल्हाना बिज्याय् मत्ये, धर्म छगू हे जक खः निगू ज्वीमखु ।"

अमिसं धाल- "आपा नास्तिक जुया खँ ल्हाना च्वने मत्ये, छ बौद्ध ज्वी दैमखु, शैब हे ज्वीमाः ।" अमिसं एकोहोर जबरजस्ति यासेंली जिं नं छुयाय् छुयाय् जुया थथे धया-"कासा बाज्ये छल्पोलपिसं जबरजस्ति हे भेद भाव तया खँ ल्हासिंली - सनातनंनिसे हे भेद जुया वयाच्वंगु ज्वी, सनातनं निसें हे यदि शैव व बौद्ध भेद जुया वयाच्वंगु खःसा तत्व नं फरक फरक हे देमाः शैब व बौद्धयात पञ्चतत्व फरक फरक याना क्यनाब्यु अले जक हानं शैब धर्म स्वीकार यायेका क्यनाब्यु" धका ज्वना । अन व कर्णेल नाप फेतुना च्वंम्ह मौन बाबा जुरुक्क दना प्याहां बिज्यात । ब्राम्हणते म्हुतुप्वाः तित । मौन बाबां निपा किस्ति निम्हेसित ज्वंका द्वाहां बिज्याना छपा किस्ती स्वां व सिन्ह तया हःगु जिगु म्ह छम्हं ह्वलाबिल, छपाः किस्ती स्वाहारि मार्पुआ तयाहःगु "न" धका न्ह्योने तयाबिल, जिं ने मछाला मनया । अले वस्पोल मौन बाबां मधि कया जिगु याक्क प्वाले तयाबिल, उलि यानाली मौन बाबां जितः ल्हाः ज्वना साला थना यंकल । लें निम्हं नापं वयाबले आखः च्वया जित धया बिज्यात- "छ हरिद्वारे छको मवे मते, जि अनहे च्वनेगु, जिं धया संयोग प्राप्त जुल धासा वये ।" धाधां नंसाः भगवतीया थाय् थ्यन । वस्पोल मौन बाबा हारिगांपाखे स्वया बिज्यात, जि जक नागर्जुने वनाः अन जुक्क फुक खँ गुरुयात कना, गुरु न्हिला च्वना बिज्यात । वस्पोल गुरुयाथाय् च्वँच्वं ह्योङ्वा, घ्यर्वा, रिक्पा, थुल्पा व उत्कान्तियागु ज्ञान प्राप्त जुल । क्रमशः पासापिं सोम्हनं थपे जुल -"छम्ह चिकंमुगः याम्ह दाल्चीनी, छम्ह यलयाम्ह बेखाराज शाक्य, छम्ह ह्यूमतयाम्ह ज्ञान शाक्य, अपिं सोम्ह नं प्रबज्जित जुल । गुरुं जितः आज्ञा जुयाबिज्यात । - "छं शिष्यपिन्त छं हे नां छुनाब्यु । अमित जि छगू हे पहः ज्वीक नां छुना बिया, यथा जिगु नां महाप्रज्ञा पल्धेन दावाया नां महाचन्द्र, दालचिनया नाँ महाज्ञान, बेखाराजया माहावीर्य तथा ज्ञानया नां महाक्षन्ति धका तयागु जुल । अन गुरुया थाय् ज्ञानयागु शिक्षा धुयावःलिसे मातृ भाषां अनुवाद याना थाय् थासे तिका तया । दर्शकपिं व भों ब्वना धर्म म्हसीका वनीगु जुयावल । दशमी पतिकं साहुनीपिं गुरुया थाय् छोपूजा याकः फाइगु जुयावल ।"

-बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथापाखें

कुशल धर्मः

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।
६) अरुको सेवा (परोपकार) गर्नु ।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।
८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु ।
९) सत्य, यथार्थको खोजमा लाग्नु ।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

साभार : बुद्ध र उहाँको धर्म

लामा अनगारिक गोविन्द

✍ रत्नसुन्दर शाक्य

२० औं शताब्दीमा बुद्ध धर्मको महत्तालाई अंगीकार गरी आफ्नो सम्पूर्ण जीवन बुद्ध धर्मलाई प्रचार-प्रसारको निमित्त समर्पित गर्नु भएका केही युरोपीय व्यक्तित्वहरूमा लामा अनगारिक गोविन्द पनि एक प्रमुख हुनुहुन्छ ।

सन् १८९८ मा जमर्नको एक प्रतिष्ठित परिवारमा जन्मनुभएका उहाँ युवावस्थामै सेनामा सम्मिलित भई विश्वयुद्धको क्रममा भारतमा आउनुभएको थियो । उहाँले सैनिक भई प्रथम विश्वयुद्धको भयानक दृष्य आफैले प्रत्यक्ष देख्नुभएको कारण विश्वशान्तिको निमित्त यथार्थ रुपमा बुद्ध-धर्मको महत्ता अपरिहार्य भएको महशुस गर्नुभएको थियो । अत: उहाँले सन् १९२८ देखि बुद्ध-धर्ममा दीक्षित भई अनगारिक (ब्रम्हचारी) जीवन विताइ विशेषत: सुरुमा बुद्धधर्मको पवित्र स्थलहरूको अवलोकन गर्दै जानुभयो ।

स्मरणीय छ भारतमा बुद्ध-धर्मका पुनरुदारक हुनुभएका श्रीलंकाका अनगारिक धर्मपाल (महाबोधि सभाका संस्थापक सन् १८६४-१९३३) ले भारतमा बुद्ध-धर्म प्रचारार्थ धर्मदूत भिक्षुहरू बृद्धि गर्दै लैजाने अभिप्रायले सन् १९२५ मा कैण्डी (Kandy) मा 'फोस्टर श्रामणेर विद्यालय (Foster Buddhist Seminary) स्थापना गर्नुभएको थियो । यस फोस्टर श्रामणेर विद्यालयमा सम्मिलित पहिलो समूहका १० जना श्रामणेरहरूलाई कैण्डीमा केही वर्ष पठन पाठन गराई सन् १९२९ मा भारतमा ल्याई बंगालको बोलपुरस्थित विश्वकवि रविन्द्रनाथ टैगोर (सन् १८६१-१९४१) द्वारा स्थापित 'शान्ति निकेतन-विश्वभारती' मा अध्ययनार्थ ल्याइएको थियो ।

शान्ति निकेतनमा एक डेढ वर्ष अध्ययन गराइसकेपछि ती श्रामणेरहरूलाई अनगारिक धर्मपालले सारनाथमा आफूले स्थापना गरेको 'अन्तर्राष्ट्रिय बौद्ध संस्थानमै ल्याइए । त्यसबेला ती श्रामणेरहरूलाई शिक्षा दिनेहरूमा श्री लंकाका शासनश्री महास्थविर, एच. धम्मालोक महास्थविरका साथ जर्मनको अनगारिक गोविन्द पनि थिए । जसले ती श्रामणेरहरूलाई पश्चिमी दर्शनसम्बन्धी अध्ययन गराउँथे । ती श्रमणेरहरूमा पछि जेतवन श्रावस्तीका पुनरुद्धारक हुनुभएका एम. संघरत्न नामक महास्थविर (सन् १९११-८५) ज्येष्ठ श्रामणेर थिए भने पछि अंग्रेजी 'The Maha Bodhi' पत्रिकाका सम्पादक एवं नालन्दा विश्वविद्यालयमा बौद्ध दर्शन विभागका महाचार्य हुनुभएका डा.भिक्षु धर्मरत्न (सन् १९१७-८५) कनिष्ठ थिए ।

अनगारिक गोविन्द सारनाथको 'अन्तर्राष्ट्रिय बौद्ध शिक्षण संस्थान' पश्चात् रवीन्द्रनाथ टैगोरको शान्ति निकेतन' मा अध्ययनार्थ पुग्नुभएको थियो ।

यसै शान्ति निकेतन विश्वभारतीमा अध्यापन गरिरहेकै बेला सन् १९३३ को गर्मी बिदामा अनगारिक गोविन्द जम्भू काश्मिर प्रदेशको श्री नगरमा पुग्नुभएको थियो । त्यसैताका भारतका महापण्डित त्रिपिटकाचार्य भिक्षु राहुल सांकृत्यायन (सन् १८९३-१९६३) पनि जम्भू काश्मिरकै गिलगिल भन्ने स्थानमा ध्वंसित (जीर्ण भएको) एक प्राचीन स्तूपमा प्राप्त हस्तलिखित ग्रन्थहरूको उद्धार गर्ने हेतु श्रीनगरमै पुग्नुभएको थियो । तर वृतिश-भारतीय सरकारले उहाँलाई गिलगिल जान अनुमति दिएन । अत: उहाँले गिलगिल्को सट्टा लद्दाख लेह जाने निर्णय गर्नुभयो । उहाँको साथ अनगारिक गोविन्दले पनि संगै लद्दाख जाने इच्छा व्यक्त गर्नुभयो ।

यसरी उहाँहरू दुबै जना जम्भू काश्मिरको राजधानी श्रीनगरबाट द्रास-कार्गिल-मूलवेक-लामापुर हुँदै रिङ्गडोम गुम्बामा पुग्नुभएको थियो । रिङ्गडोम गुम्बामा

त्यहाँका बृद्ध लामाको देहान्त पश्चात् उहाँको अवतारीको रुपमा रहेका ३-४ वर्षका लामाको पनि दर्शन गरी उहाँहरू पुन: सस्पोला-अलची-नीमू हुँदै लेह (लद्दाख) मा पुग्नुभएको थियो । यस अवधि भित्रमा उहाँहरूले हेमिस् गुम्बामा पनि पुगी त्यहाँको विशेष मेला, तिब्बती-धार्मिक नृत्यको पनि अवलोकन गरी आइसक्नु भएको थियो ।

अनगारिक गोविन्द र राहुल सांकृत्यायन लद्दाखमा दुई-अढाई महिना एक साथ रही एक आपसमा वडो आत्मीयता र सहानुभूतिका साथ रहनुभएको थियो साथै सांस्कृतिक, सामाजिक आदि विषयमा पनि छलफल गरी बिताएका थिए । पछि अनगारिक गोविन्द एक्लै शान्ति निकेतनमा कक्षा शुरु हुन लागेको कारण फर्कनुभएको थियो ।

महापण्डित राहुल सांकृत्यायनले अनगारिक गोविन्दको योग्यता, क्षमता एवं स्वभावको बारेमा उल्लेख गरिराख्नुभएको छ-

"ब्रम्हचारी (अनगारिक) गोविन्दके साथ बात करनेमें आनन्द आता था (वह कलाकार, दार्शनिक होनेके अतिरिक्त युरोप, अफ्रिका और एशियाके कितने ही भागौंमे घुमे हुएथे । उनका स्वभाव मृदुल, वार्तालापका ढंग आकर्षक और रहन-सहन सीधी - सादी थी । चिड चिडापन तो उनमे छू तक नही गया था ।"

अनगारिक गोविन्दले पछि आएर जर्मनको नागरिकता त्यागी भारतीय नागरिकता लिनुभएको थियो । यसको मूलकारण एडल्फ हिटलर (जर्मनको सत्तारुढ शासक सन् १८८९ -१९४५) को उग्र नीति थियो ।

सन् १९४७ मा अनगारिक गोविन्दले तिब्बती बौद्ध-धर्मका ४ सम्प्रदाय (निङ्गमा, सभ्य, कग्यु र गेलुक) मा कग्यु-पा सम्प्रदायमा दीक्षित भई त्यस बारेमा विस्तृत अध्ययन मनन गर्नुभएको थियो ।

स्मरणीय छ, कग्यु-पा सम्प्रदाय तिब्वतमा गुरु मार्पा (सन् १०१५-९७) ले सुरुवात गर्नुभएको थियो । उहाँको गुरु भारतको विक्रमशीला महा विहारका महासिद्ध नारोपा थिए । उहाँ (मार्पा) का शिष्य मिलरेपा (सन् १०५२-११३५) को समयमा उहाँको योग चर्याले गर्दा कग्यु-पा सम्प्रदायको महिमा निकै बढ्न गएको थियो ।

लामा अनगारिक गोविन्दले सन् १९५२ मा भारत र पश्चिम वर्लिन दुवै ठाउँमा "Arya Maitreya Mandala" नामक एक संस्था स्थापना गर्नुभएको थियो । उहाँ यस संस्थाका "धर्मानु शासक पदमा रहनुभएको थियो ।

यसप्रकार लामा अनगारिक गोविन्दको अध्ययन एक पक्षीय मात्र नभईकन थेरवाद, महायान एवं तिब्वती बौद्ध-धर्मको बारेमा पनि पर्याप्त ज्ञान भएको फलस्वरुप उहाँका कृतिहरू पनि सोही अनूरुप सर्वमस्य (प्रामाणिक) रुपमा मान्दै आएका छन् ।

उहाँ विशेषत: भारतको उत्तराखण्डस्थित अल्मोडामा डेढ -दशकजति रही पछि "आर्य मैत्रेय मण्डल" कै लदप (बोधि सत्त्व आदर्श) को प्रचार-प्रसारार्थ संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा पुग्नुभएको थियो ।

अफशोच ! उहाँ बोधिसत्त्व (बोधिचित्त) आदर्शको प्रचार-प्रसारकै दौरानमा California को Mill Valley मा रहनुभएको बेला १४ जनवरी १९८५ का दिन ८७ वर्षको उमेरमा आफ्नो जीवनकाल त्यही अन्त गर्नुभएको थियो ।

अनगारिक गोविन्दका केही प्रमुख कृतिहरू:-

1. The Psychological Attitute Early Buddhist Philosophy and its systematic representation according to Abhidhamma.
2. Foundations of Tibetan mysticism
3. Some Aspects of stupa symbolism
4. The way of the White clouds
5. Why I am a Buddhist

सन्दर्भ

1 Buddhism and Buddhist studies in Germany- Hans Wolfgarg Achumannn Internation–5
Bonn- Bad Godesberg-1972
2. The Western Contribution to Buddhism
William Peires
Motilal Banarasidas
Delli-7, -1973
3. मेरी जीवन यात्रा, भाग-२- राहुल सांकृत्यायन
किताबमहल
इलाहावाद-१९५०

◆

गताङ्कको बाँकी

वंशवृक्ष - २

✍ चित्तधर हृदय

गाम गामे नं सक भनं माक विद्यालय द्या:
मदु निरक्षर सुं छम्हं शिक्षा बिना धात्यें धया !
मिस्त आख: स्यन्यत कन्यापाठशाला चूक ननी,
पाकविद्या नाप मुलुया ज्या व थाज्यां स्यं खनी।
मा:गु कृषिया यायत उन्नति तं:गु दै ल:ध: म्हुया:,
नत्र गय् वर्षा मजूसां रङ्ग वाउँगु खै बुँया !
कृषिविभागं बीगु उत्तम अन्नमा गुगु मा: पुसा
राजकोषं बीगु अर्थ सहायता नं मा:गुसा।
स:गु ब्वीं ब्वीं वा छु बूब: आदि बीभ: गाक्क हे,
बूगु लैं, तुसि आदि नाना शाक-गसि वाउँक बुँ हे।
ब्याक्क बनया वृक्ष गुँ खि ह: प्या:गु पाला: काय्मदु,
बनविभागं ज्यूगु तोता: ब्यूगु छुसिँ व सिँ यक्क दु।
शक्तिदायक रोगनाशक भिंगु विविध वनस्पति
या:गु दु वनस्पति विभागं भिक रक्षा जडिबुटि।
सा:गु पक्कगु फल सया: कच्छूगु तरुया उपवन
द्राक्ष आदि लता गया: शोभित ह्या: च्वंगु सुमन।
देशया वाणिज्य भिंदयत विपुल अर्थागार दु,
सार्थवाह कुवेर जोपिं दानभूषण यक्क दु।
नय्मखंपिं दीन खन्यमदु सुं छम्हं फोग्गींत लैं
थ:गु ज्याय् ज्याय् ज्वीगु ज्यामित च्वनिगु क:मित ज्यासले।
देशया साहित्य जीवित याय्त बाधा छुं मदु
थ:गु भाषां योगु विषये च्वेगु नं अधिकार दु।
भाव जक उत्कृष्ट नूतन स्वच्छ सुन्दर ज्वीव गा:
राजकोषं पारितोषिक बीगु गोकुल ल्व:गु गा।
गुप्तचर गण चा:हिला: च्वनि गुप्त रुपं यक्क लैं।
सुं खुँवा व्यभिचार मखना: सुंक च्वंवनि थ:गु छ्यैं।
काय्गु छुं राजस्व ल्यं मदु ज्वन्य मज्यू सितिं प्रजा,
स्वेगु केवल ख: महांया ज्या भुतू फुक च्या: मच्या:।
देश रक्षा याय्गु निंतिं वीर योद्धा मा:गुलिं
ज्वीगु सैनिक ल्याय्म्हपिं अनिवार्य याना: त:गुलिं
शूर क्षत्रिय चण्ड शाक्यत धैगु जगते नां दना:
सैन्य, सल, किसिया प्रतापं मेगु राज्यं त: हना।
सलगले सल जा: सियूपिं यचु गुलिं म्हैं च्या: दुपिं।
गय् मलाकं नृत्य याना: ब्वाय्त फय्या त्वाय् गुपिं।
अटबिया दुर्घर्ष गज लाना: ह्या: किसिया बलं
किसिगले अमि चाल सीका: तल कुना: किसिमागलं।
देशया पिन्य ब्यो छचालं जयत सा म्ये दुगु च्वले,
जा:गु वासा फै व च्वामोसात गांया पशु गले।
दुरु व धौया न्ह्या:गु खुसि थें शाक्यराज्ये सकभनं
नौनिध्यो द्वँ: द्वँ: चिना: च्वनि उगु नदीया फेन थें।
ब्रम्हचर्याश्रम दु बनया पर्णशालाय् गुरुकुल,
स्यनिगु ख: बाँलाक गन मा:मा:गु विद्यार्थ विपुल।
अर्थशास्त्र व नीति, दर्शन, वेद विधि, विज्ञान नं,
व्याकरण, ज्योतिष, निरुक्त व छन्द, शिक्षाकल्प नं,
स्मृति, पुराण व गणित लिस्य गान्धर्व विद्या आदि नं
योगु विषयत ब्वन्यदु योसा वैद्यया वैदांग नं।
नय्गु दुरु धौ म्हित्यगु त्वाले मल्लशाला लिक्क दु,
अस्त्रविद्या सयक्य योसा स्यन्यत सेनापतित दु।
ल्याय्म्हपिं गुलि ल्हवंगु वाल विवाह याय् हे मदुगुलिं
स्वास्थ्यया छु खँ छम्ह थ्य छम्ह व्यायाम याना: च्वंगु लिं।
मस्त ययिपुस्य च्वंगु स्वे हे हइगू लैं मामं बुया:।
बइस जाय्का बूम्ह काय्या ख्वा: स्वया: प्याखं हुया:।
मिस्त सकलें रुप, यौवन, शीलया निधि जूगुलिं
ल्वापु छुं मदु छ्यैं, बले नं च्वं नख: थें न्ह्यावलें।
शिल्पशाला क:मितय् थ:थ:गु गृहया अङ्ग थें,
न्ह्याग्गु जूसां ज्या छता दयि अमिक्य तनया वस्त्र थें।
दंगुलिं दा: वैगु बुँ ज्वना: न्ह्याबलें छपु हे सिख:
स्यंगु बुँ स्वया: बीत पल्यसा अमित गोपी मा:गु ख:।
शाक्यपिनि परराष्ट्र नीति उदार बांला: धात्थ्यनं
वयदु सकलें मा:गु ज्याय् व्यापार निंतिं सकभनं।

In the Buddha's foot prints

○ **Shatrughan Sinha**

Green expanses offset by clusters of saffron and maroon stretching into the far distance on either side of our vehicle as we drove to Bodhgaya on a school excursion. No, the colour was not from wild flowers. It came from the traditional maroon and yellow garb of Buddhist monks en route (on foot) to pay homage to the Buddha. Looking back, this trip stands out vividly in my memory as one of the most enduring pictures of my state.

Bodhgaya is the birthplace of Buddhism. It is here that Prince Siddhartha's quest for eternal truth was fulfilled and he attained supreme enlightenment.

My ancestral village Maranpur is about seven kilometers from Bodhgaya. My father was born here as were his forefathers. Our ancestral haveli stood under a thick, green canopy and was in an estate dotted with ponds and surrounded by hills. There's so much to Bihar beyond the obvious political situations and personalities but 'not many know of it. Bihar is extremely beautiful-startling green forests, lakes that spring up in places most unexpected, natural hot springs, and a wealth of places with religious significance-holy rivers and shrines. Walk into any of our villages and you walk into a world of sylvan charm.

My state has seen the birth of two great religions of the world Buddhism and Jainism. The state, in fact, gets its name from the Sanskrit word ´vihar´ meaning monastery. As I mentioned, the school tripe to Bodhaya, Nalanda and Rajgir is one of my most significant memories of the state. It was my first face-to-face experience with living history, an interaction with our rich heritage. On the banks of the Falgu River, the village of Bodhaya sits sentinel, a quiet testimony to one of the most significant times in Indi's chequered past.

The Bodhi tree-the tree under which Siddhartha became the Buddha, the Enlightened One, is a much revered pilgrimage spot. The current tree is actually the fourth or fifth succession of the original tree under which Lord Buddha had sat-as schoolboys we were very impressed when we came upon this ancient relic.

To the east of the Bodhi tree, like a grand pyramid stands the Mahabodhi Temple. Inside the temple, in the sanctum sanctorum, is the famous statue of Lord Buddha, serene and calm in a meditative pose. Originally made in black stone, it was gilded by devotees later. Personally, however, I find the Nalanda ruins most fascinating-the very idea of a residential university, so many centuries ago, remind me yet again how incredible our India is. Rajgir is another places that is a must-visit on the visitor's trail. It was the ancient capital of Magadha-the grand kingdom of Chandragupta Maurya and ancient India's ace politician-states man Kautilya. Come to my state and discover a new Bihar, a Bihar you had no idea existed.

च्वापुगुँ न्याल

✍ चन्द्रबहादुर उलक

खिमिलाया चा । निउरा जूगुलिं लकस ख्वउँसे च्वं । बन्हिया ई जूसां लिमवानी । अय्सां पिने की क्व: ह:स: मरु । ख्वपया विहार लिक्क च्वंगु छखा छैंय् नं छम्हा मिसाया ख्व:स: पिज्वय च्वन ।

- 'जि वये मखु । एक वयेमखु । दुई वयेमखु । तीन वये हे मखु ! जिता तास तिन्खां भुङ तइगु जूसां जि वयेमखु ।'

- नूऽऽ ! अप न्यासि चाय: च्वनेमते । छैं भताभुङ्ग जुल । छन्हु न्यन्हु सकाय् थ:छैंय् च्वनेगु, लां लां च्वने धायेगु नं दैला ? ज:लाख:लां छु धाई बिच: यायेम्वला ?

थ:छैंया स्वन्ह घेपुङ सन्तमाया ख्वख्वं हालच्वनसा थ: मिसाया ल्हा: सात्तुसाल धनवीरं हेयकच्वन । आसमाया त:जु दाछि द:म्हा म्हयाय् छय् थ:गु मुलय् तय: म्हयाय् व जिचाया खाँ न्यङच्वन । म्हुतुं आख: छग: हे पिमज्वयेकसिं ।

- ज:लाख:लां धाई धायेगु स्यूम्हासिया थ:गु बानीचा नं भिंके माल नि । छिगु बानी सु नं जक मस्यू । भ:तम्हासिनं अत्याचार यात, मिसां त्वत: वान धाईक । मेगु छु धाई ? छिगु हे न्हाँय् वानी । जिता छु जुइ ?

जात प्वलेगु थें सन्तमायां लिस: बिल ।

- 'अ अथे जुये मखुत क ! सत्य सत्य जुये मखुत ।'

धनवीरं थ: मिसाया नुग: न्यायेकेगु कुत: यात ।

- आम्थे सत्य सत्य धरोधर्म जक पा फ:गुयां गुलि वान गुलि । छिं पा फय: दीगु खिचां हे विश्वास याईमखु ! न्हासं पिहाँव:गु न्हि प्रासि च्वतं हुहुँ सन्तमायां धाल ।

- म्वल नानी हुँ ! भाजुं यक्व: हे ब:यात । आवंलि अथे जुये मखुत ध:सेलि छं विश्वास य: ! म्हयाय्मचा थ: छैंय् तायेतयेबलय् मां-बौता नं बांमला: । आसमायां ममतां भय्ब्यूगु स:लं म्हयाय्याता हेयकल ।

- जिता हुँ धायेमते अमा ! भ्वगे यायेम:म्हा जि । साँया घ: कोखं मस्यू । जिता जूगु घ:या स्याचा जिं सुयातां काङागु मरु । ध्व अन्तिम ख: । मां -बौ नं जवरजस्तिं पिता छ्वल ध:सा थुकिया लिच्व: भिं जुइमखु अमा ! सन्तमायां ख्वख्वं थ: मांयाता इनाप नापनापां ख्याच्व नं बिल ।

- अथेमनं छु जुला ? जूगु खाँ न्हापा हे धायेम्वला ? घ: लायेवं वास: यायेफ:सा सकाय् मथां घ: लानी । जबरजस्तिं म्हयाय्मचा पिंता छ्वयेता जिमिगु नुगलं मब्यू । अय्सां छंगु हे जिन्दगीया नितिं धाय: च्वङागु ख: । क, ध: छमिगु दुनेया वास्तविक खाँ छु ? ख्वख्व मख्व सलं आसमायां न्यन ।

- अमा ! जि द्वन । जिं न्हापा हे धाये म:गु जुय: च्वना । छैंया खाँ थ: छैंय् कानेमज्यू धायेतगुलिं जिं मकाङा । जिगु कर्म थथे ख: ! नुग: मछिंक दियेमते । सन्तमाया हिहि लान । धनवीर नं ख्व: ह्याउँसे च्वंक प्रायश्चित जूम्हा अपराधी थें धलिं स्वयच्वन ।

- थ: मिजंनापां ह्वङ च्वने मफैगु छु अवस्था वला ? जिमिता ध: ! छ मचाया मां जुये धुंकल । सन्तान हे मरुगु जूसा छता खाँ । पारसां काये ज्यू ! अ: पारया खाँ ल्हायेबले थ: सन्तानया नं ख्व: स्वयेमाल । मां बौ यां पार पाचुकि क, मचां सुयाता पार बिइ - सुयाके पार काई ? मचां भासं सीवलय् नुगलय् पाँ मोगलं छ्यायेथें मज्वीला ? उकिं छ वानेमखु धायेमते नानी ! करजोर बिन्ति । क ध: ! छु जुला आसमायां क्वत्तुक्क ज्वन ।

सन्तमाया सुकुं सुकुं ख्वल । प्रासिच्वतं ख्वबि हुहुं धँप: तच्छ्यायथें सन्तमायां लिकुङच्वंगु खाँ तच्छ्यात ।

- मचा बूसांनिसे थ्वं जिता सहमया अमा ! न्ह्याबलें सिंसिं धायेक छेँय् वई । मचा बूगु जिगु शरिरं न्ह्याबलें कसा: नये मालिगु । जिगु छुं अपराध मरु । जिं छुं हे नुबाये मज्यू । भारभुरु याये धुंकि । जिं गुलिजक सहयायेगु । त:क मछिं जिं न्वाये धुन । तकमछिं जिं पालि भपुये धुन । थ्वं तेह्रेमया । जिता लिथु हयेगु धक पिनेया मिस्त नापां स्वापू तयो जुल । छेँया बस्ज छता हे मदये धुंकल । मामं बियत:गु जिगु तिसा हे बाकि मतल । अय्सां जिं मधाया, नके फयेक हिंङाम्हा हे हजि धायो च्वङा । ज्या छुं यागु मखु । सहयाङां सहयाये मफय: जि मां-बौया शरणय् वयागु ख: । सन्तमायां खाँ कानेमफत छेँय् ध्वक्क ख्वल । आसमायाया नुग: तज्याइथें जुल । वं थ: जिचाभाजुयाता ज्वय्पियो स्वत । धनवीरं ससमांया ख्व: चूलाक स्वये मफत ।

-आय् भाजु । थथे मनं जि म्ह्याय्ता अन्याय याङागु ला छिं । लज्या चाय: दिये म्वला मिसायाता कसा यायेता ? जिं यां म्ह्याय् व जिचाभाजु चखुं-बखुंथें मिले जुय: च्वना जक मन तय: च्वङागुयां मखुगु जुय: च्वनाक । छु जुला छिगु बुद्धि ? न्हापायां अथेमखु नि छि । जि म्ह्याय् छु तिङ बियागुयां मखु नि, अथेमनं सास्ति यायेता । न्हापा विहारय् वङ भिक्षुपिनिगु प्रवचन न्यो वानिबलय् ज्ञानीम्हा थें च्वं । 'कामेसु-मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि', व 'सुरामेरय-मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।' बुद्धया शील प्रार्थना याङागुया छु पुर्जन (उपलब्धी) जुला ?

मां बौ नं थ: सन्तान कजे यायेता मामं ब्व: ब्यूथें तमं ख्व: ह्याउँसे च्याक: आसमायां जिचाभाजुयाता ब्व: बिल । धनवीर ग्याल्वचं थिउम्हा खिचा थें मिखाजक पुलुपुलु काङच्वन । छुं हे न्वबाये मफत ।

अमा ! अ छक:ता जिता माफ बिय दिसँ ! मभिंगु संगतया फल जिं भोगय् यायेधुन । थ्व अपराध जिं हकनं याये मखुत । पञ्चशील व्यवहारे छ्यलेगु जुल । जि बराबर विहारे वाङ पञ्चशील प्रार्थना याङासां व्यवहारय् मछ्यलागुलिं जि स्यन, जिगु परिवार स्यन अले जिगु छेँय् भताभुङा जुल । थौं जिगु मिखा चाल । जिता माफ याङ दिसँ" धनवीरं थ: ससमांया हने कप: क्व छुछुं धाय: च्वन । सन्तमाया व आसमायाया नुग: न्याल तच्वतं थिउगु निभालं च्वापुगुँ न्याल व:थें । सन्तमायां मुसुहुँ न्हिल धाल - म्वल, म्वल । हाल दिये म्वल । स्वथाय् धांदिउ भासँ !

> गरिबी अवस्थामा मुट्ठीभर पीठोको पनि चाहना हुन्छ। त्यसपछि (धन सम्पन्न भएमा) उनै मानिसले पृथ्वीलाई समेत त्रृणसमान ठान्दछन्। त्यस कारण संसारमा धन धेरै-थोरै जे जति के कति हुनुपर्दछ भन्ने एकै नाशको कुनै निर्धारित स्थिति (नीति) छैन्। धनीवर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो बनाइदिन्छ।
>
> **साभार भर्तृहरि-नीतिका अर्ध शतकबाट**

शिक्षा नेपालको कापी भक्तपुरको

प्रो. रामकृष्ण ९८५११४११३०

भक्तपुर कापी उद्योग अफसेट प्रेस

चाँगुरोड, देकोचा, भक्तपुर

फोन नं. ६६१८३८०

इमले : bhaktapurcopy@gmail.com

पुरानो कापी किताब खेर नफालौं, रिसाइकल हुन्छ, बटुल्न थालौं ।

यहाँ हरेक किसिमका सस्तो, राम्रो गुणस्तरीय कापीहरू र हरेक नापका पेपरहरू होलसेल मुल्यमा पाइनुका साथै अर्डर अनुसार पनि तयार गरिन्छ। साथै गुणस्तरीय रंगीन छपाईको लागि पनि सम्झनुहोस् ।

ADMISSION OPEN
B.ED & B.B.S

Major Subjects : English, Math, Nepali

Minor Subject : Population

ADARSHA AZAD COLLEGE

Bhimsensthan, Bhaktapur Municipality-5, Phone No. 6610580

Commitment for Excellence

Basu College
Kalighat, Byasi, Bhaktapur-2

Announces Admission

Open For BBS T.U.

Principal

For more detail: 6620300, 6619014, 615257

Email:basucollege2009@gmail.com

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित
बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिकको

वार्षिक ग्राहक

भई सहयोग गरिदिनुहुन पाठकहरुमा
हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख–रचना तथा
व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन
हार्दिक अनुरोध गर्दछ ।

बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर